# बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF MUNICIPAL EXECUTIVE
बेलबारी, मोरङ
BELBARI, MORANG
कोशी प्रदेश, नेपाल
(KOSHI PROVINCE, NEPAL)

☎ 021-434259
021-434213


प.स. : २०७९।०८०
च.नं. : 8602

बेलबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

मितिः २०८०।०३।१३

विषयः <u>नदीजन्य पदार्थको मौज्दात (स्टक) विवरण प्रमाणित गर्ने सम्बन्धमा ।</u>

श्री सबै सरोकारवालाहरू,
बेलबारी नगरपालिका ।

सङ्घीय सरकारबाट जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन सहित) मापदण्ड २०७७ को दफा ४ को उपदफा १६ तथा प्रचलित कानून बमोजिम प्रत्येक वर्षको असार १ देखि भाद्र मसान्तसम्म नदीजन्य पदार्थको उत्खनन् गर्न नपाइने र त्यस्तो कार्य दण्डनीय हुने भएको हुँदा आर्थिक बर्ष २०७९/०८० मा बेलबारी नगरपालिका क्षेत्र भित्र विभिन्न स्थानमा राखेको नदीजन्य पदार्थको मौज्दात (स्टक) प्रमाणिकरणका लागि मिति २०८० असार १९ गते भित्र नगरपालिकाको कार्यालयमा तपसिलमा उल्लेखित विवरण सहित निवेदन पेश गर्न हुन सूचित गरिन्छ । प्रास हुन आएका निवेदन उपर जाँचबुझ गरी बेलबारी नगरपालिकाको आर्थिक ऐन, २०७९ ले तोके बमोजिमको दस्तुर लिई स्टक प्रमाणित गरिने जानकारी गराईन्छ साथै तोकिएको समय सिमा भित्र निवेदन पेस नभएमा एवं ढुंगा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ को प्रतिकूल हुने गरी राखिएका स्टकहरुको हकमा सोही मापदण्डको दफा ७ को उपदफा ५ एवं बेलबारी नगरपालिकाले ठेक्का बन्दोबस्तिका लागि प्रकासन गरेको सूचना, प्रचलित नेपाल कानुन एवं सार्वजनिक हितको सिद्धान्तका आधारमा नगरपालिकाले गरेको निर्णयका आधारमा जफत र लिलाम विक्री समेत गर्न सकिने व्यहोरा अनुरोध छ ।

**<u>आवश्यक कागजातहरु:</u>**

१. स्टक गरि राखिएको जग्गाको जग्गाधनी पूर्जाको प्रतिलीपी ।
२. नदिजन्य पदार्थको स्टक गर्न जग्गा भाडामा राखेको भए भाडा सम्झौताको प्रतिलिपी ।
३. नदीजन्य पदार्थ खरिद गरिएको ठेकेदार कम्पनीको भ्याट विल ।
४. फर्मको हकमा दर्ता, नवीकरण र करचुक्ता प्रमाणपत्रको प्रतिलीपी ।
५. व्यक्तिको हकमा नागरिकता प्रमाणपत्र प्रतिलिपी र खरिद गरेको प्रमाण ।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

**<u>बोधार्थ</u>**

श्री जिल्ला समन्वय समिति, मोरङ – जानकारीका लागि ।
श्री जिल्ला प्रशासन कार्यालय, मोरङ – जानकारीका लागि ।
श्री ईलाका प्रहरी कार्यालय, बेलबारी, मोरङ- स्टक प्रमाणित जाँच गर्नुहुन ।
श्री शसस्त्र प्रहरी वल, वाहुनी - स्टक प्रमाणित जाँच गर्नुहुन ।
श्री शसस्त्र प्रहरी वल, लक्ष्मीमार्ग - स्टक प्रमाणित जाँच गर्नुहुन ।
श्री नगर प्रहरी वल, बेलबारी नगरपालिका - स्टक प्रमाणित जाँच गर्नुहुन ।
श्री वडा नं. ५, ६ र ८ को कार्यालय – आफ्नो क्षेत्र भित्रको क्रसर/ मौज्दात गरेका व्यक्ति संघसंस्था एवं सूरक्षा निकायलाई तत्काल बुझाई भरपाई पठाउने र संलग्न सूचना टाँसको मूचुल्का समेत पठाउनुहुन ।

बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ

**नदीजन्य पदार्थको मौज्दात (स्टक) विवरण प्रमाणित गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकासित मितिः २०८०।०३।१३

सङ्घीय सरकारबाट जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन सहित) मापदण्ड २०७७ को दफा ४ को उपदफा १६ तथा प्रचलित कानून बमोजिम प्रत्येक वर्षको असार १ देखि भाद्र मसान्तसम्म नदीजन्य पदार्थको उत्खनन् गर्न नपाइने र त्यस्तो कार्य दण्डनीय हुने भएको हुँदा आर्थिक बर्ष २०७९/०८० मा बेलबारी नगरपालिका क्षेत्र भित्र विभिन्न स्थानमा राखेको नदीजन्य पदार्थको मौज्दात (स्टक) प्रमाणिकरणका लागि मिति २०८० असार १९ गते भित्र नगरपालिकाको कार्यालयमा तपसिलमा उल्लेखित विवरण सहित निवेदन पेश गर्न हुन सूचित गरिन्छ । प्राप्त हुन आएका निवेदन उपर जाँचबुझ गरी बेलबारी नगरपालिकाको आर्थिक ऐन, २०७९ ले तोके बमोजिमको दस्तुर लिई स्टक प्रमाणित गरिने जानकारी गराईन्छ साथै तोकिएको समय सिमा भित्र निवेदन पेस नभएमा एवं ढुंगा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ को प्रतिकूल हुने गरी राखिएका स्टकहरुको हकमा सोही मापदण्डको दफा ७ को उपदफा ५ एवं बेलबारी नगरपालिकाले ठेक्का बन्दोबस्तिका लागि प्रकासन गरेको सूचना, प्रचलित नेपाल कानुन एवं सार्वजनिक हितको सिद्धान्तका आधारमा नगरपालिकाले गरेको निर्णयका आधारमा जफत र लिलाम बिक्री समेत गर्न सकिने व्यहोरा अनुरोध छ ।

**आबश्यक कागजातहरुः**

१. स्टक गरि राखिएको जग्गाको जग्गाधनी पूर्जाको प्रतिलीपी ।

२. नदिजन्य पदार्थको स्टक गर्न जग्गा भाडामा राखेको भए भाडा सम्झौताको प्रतिलिपी ।

३. नदीजन्य पदार्थ खरिद गरिएको ठेकेदार कम्पनीको भ्याट विल ।

४. फर्मको हकमा दर्ता, नवीकरण र करचुक्ता प्रमाणपत्रको प्रतिलीपी ।

५. व्यक्तिको हकमा नागरिकता प्रमाणपत्र प्रतिलिपी र खरिद गरेको प्रमाण ।

प्रमुख प्रशासकीय अधिकृत